रत्ननगर नगरपालिका

टोल विकास संस्था संचालन कार्यविधि, २०७६

**प्रस्तावना :**

रत्ननगर नगरपालिका भित्र रहेका विभिन्न टोलहरुमा सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न स्थानीय स्तरमा सुशासन प्रर्वद्धन गर्न निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरि स्थानिय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरि गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रत्ननगर नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "टोल विकास संस्था संचालन कार्यविधि २०७६" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "टोल विकास संस्था" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ख) "टोल विकास संस्था कार्यसमिति " भन्नाले दफा ३ "क" बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ग) "साधारण सभा" भन्नाले टोल विकास संस्थाका प्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने साधारण सदस्य सहितको वार्षिक भेलालाई जनाउँदछ । सो शब्दले विषेश साधारण सभा र टोल भेला समेतलाई जनाउनेछ ।

घ) "सामुदायिक विकास अभियान" भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारीताका मुल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने बुझाउछ ।

ङ) "पूर्ण सरसफाइ उन्मुख अवस्था" भन्नाले सफा र स्वच्छ, पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउछ ।

च) "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्था बुझाउछ ।

**२. उद्देश्य**

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

क) टोल वस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुच अभिबृद्धि गर्ने ।

ख) टोलवासीहरुमा उद्यमसिलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रर्वधन गर्ने ।

ग) टोल वस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

घ) आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने ।

ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढवा दिने ।

च) वस्ती/टोल स्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट संचालन हुने विकास कार्यमा सहयोग गर्ने ।

छ) टोल विकास संस्थाहरुले सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मुल्याङ्कन प्रकियामा सहयोग पुर्याउने ।

ज) टोलका सदस्यहरुको गरिबीलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरि तिनिहरुको अभिलेख तयार गर्ने ।

झ) टोलको समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने ।

ञ) वातावरण र सरसफाई, बालमैत्री नगर/वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार, उद्यमसिलता विकासका अभियान संचालन गर्ने ।

ट) टोल विकास संस्थामा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको संरक्षण संर्वद्धन गर्ने ।

## ३. टोल विकास संस्थाको गठन

टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछः

क) नगरपालिका क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ । सामान्यतया निश्चित भौगालिक क्षेत्रको टोलमा न्युनतम ३० घरधुरी नभए सम्म सो टोलमा टोलविकास संस्था गठन गर्न सकिने छैन तर कुनै निश्चित भौगालिक क्षेत्रको टोलमा १०० भन्दा बढि घरधुरी भएको हकमा न्युनतम १०० घरधुरी कायम गरी बढी हुने न्युनतम घरधुरी संख्या (३०) लाई आधर मानेर मात्र अर्को टोलविकास संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सर्म्पूण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ । सो सम्भव नभए कम्तिमा ८०% घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । महिला सहभागिता हुन सक्ने अवस्थामा टोल विकास संस्थामा सहभागि भएका मध्ये न्यूनतम ५०% महिला आबद्ध गराउनु पर्नेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्था गठन गर्दा समुदायको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्य गरी अधिकतम ११ सदस्यीय एक कार्य समिति गठन हुनेछ । उक्त कार्य समितिमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ । समितिमा यथासंभव सबै वर्ग र समुदायको सामाजिक समावेशीकरण हुनेगरी प्रतिनिधित्व गराउनु पर्नेछ ।

ग) कार्य समितिका सदस्य बाहेक सम्वन्धित टोलका टोल विकास संस्थामा आबद्ध भएका सबै घरधुरी संस्थाका साधारण सदस्य हुनेछन् ।

घ) टोल विकास कार्य समितिको पदावधि २ वर्षको हुनेछ । साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट नेतृत्व परिर्वतन हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोहि पदमा २ वर्षको अवधि व्यतित नभई निर्वाचित हुनेछैन । कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ङ) निर्वतामन अध्यक्षको संयोवकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिनेछ । सल्लाहकार समितिको संयोजक टोल विकास कार्य समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागि हुनेछ ।

च) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्ने (अनुसुचि १) मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गनुपर्नेछ ।

**४. दर्ता /सूचिकृत**

टोल विकास संस्थाको दर्ता /सूचिकृत देहाय बमोजिम हुनेछ:

क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई वडा समितिको सिफारिसमा वडा कार्यालयले दर्ता गरि नगरपालिका अन्तर्गतको सम्बन्धित शाखामा सूचिकृत गर्ने छ । टोल विकास संस्थालाई वडा कार्यालयमा दर्ता र नगरपालिकामा अन्तर्गतको सम्बन्धित शाखामा सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमूना (अनुसूचि २) मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरि दर्ताका लागि निवेदन पेश गरेमा वडा कार्यालयले (अनुसुची ३) बमोजिमको टोल विकास संस्था दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा वडा समितिको सिफारिसमा वडा कार्यालयले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएको ३० दिन भित्र सो स्थानमा नयाँ टोल विकास संस्था गठन गर्नु पर्नेछ ।

**५. टोल विकास संस्थाको काम कर्तव्य र अधिकार :**

टोल विकास संस्थाले आफनो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन्:

क) टोलमा धनि गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरि टोलको विकासको लागि सहजिकरण गर्ने ।

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजिकरण गर्ने ।

घ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

ङ) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

च) पूर्ण सरसफाई उन्मुख अवस्था, एच.आई.भि/एड्स, अन्धविश्वास, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क. अध्यावधिक गर्न सूचना अभिलेख गर्ने ।

ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने ।

ञ) आफनो वडा तथा टोललाई सामुदायिक विकास अभियान संग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, प्राङ्गारिक खेती विस्तार, नश्ल सुधार, उद्यमशिलता बनाउने कार्यक्रमहरु संचालन गर्ने ।

ट) टोलमा भवन निर्माण मापदण्ड, समाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

ठ) टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।

ड) नगरपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ढ) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने । लेखा राख्ने र लेखा परिक्षण गराउने ।

ण) नगरपालिकासँग भएको साझेदारी अनुसार अन्य कार्य गर्ने ।

**६. टोल विकास कार्य समितिको वैठक**

टोल विकास कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

क) टोल विकास संस्थाका सदस्यहरुको हित एवं् समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

ख) समितिको वैठकमा आवश्यक्ता अनुसार सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ ।

ग) सचिवले संस्थाको वैठकको निर्णयहरु वैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।

घ) टोलभेला वा साधारण सभा वा विषेश साधारण सभा संचालन गर्दा तत्काल कायम रहेको सम्पुर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई उपस्थितिमा प्रमाणित भएको हुनपर्नेछ ।

**७. टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्स सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२. एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमामेजिम बैठक बोलाउने ।

३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।

४. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

५. तोकिएका अन्य कार्य गर्ने ।

**(ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

२. खर्चको लेखापरीक्षण गराउने ।

३. बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२. संस्थाको हिसाव-किताब जाचँ गर्ने ।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।

४.आवश्यकताअनुसार संस्था संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

५.आवश्यकताअनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

६. तोकिएको अन्य कार्यहरु गर्ने ।

**८. आर्थिक व्यवस्थापन**

संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

**१) टोल विकास संस्थाको आम्दानी**

क) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

ख) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

ग) टोल विकास संस्थाको नाफाबाट प्राप्त समितिको निर्णयानुसार प्राप्त हुने रकम ।

घ) संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

**२) खर्च प्रणाली**

क) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ ।

ख) संस्थाको संचालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति अनुसार खर्च हुनेछ ।

बचत

(क) गरिबी न्यूनीकरणका लागि आर्थिक विकासका कार्य गरी आयस्तरमा बृद्धि गर्न आवश्यक छ। आयमूलक कार्य गर्न पूँजीको आवश्यकता पर्दछ र यो आवश्यकता बचतबाट मात्र सम्भव भएकोले संस्थामा बचत गर्नुपर्दछ । संस्थाको बचत रकमबाट भविष्यमा उद्यम विकास योजना संचालन गर्न र सामाजिक आवश्यकता परिपूर्ति गर्न सकिन्छ । संस्थामा बचत गर्ने बानीले बित्तीय पद्धतिको विकासमा समेत सघाउ पुर्‍याउँदछ ।

(ख) संस्थाको नीतिअनुसार प्रत्येक सदस्यले अनिवार्य रूपमा बचत गर्ने बानी बसाली संस्थामा तोकिएको रकम बचतको रूपमा प्रत्येक बैठकमा दाखिला गर्नुपर्दछ ।

(ग) टोल विकास संस्थामा विभिन्न स्तरका व्यक्तिहरू सदस्य हुन्छन् । बढी आय हुनेको बढी र घटी आय हुनेको घटी बचत गर्ने क्षमता हुन्छ । बचत रकम सदस्यको भावना कुन्ठित हुन सक्ने भएकोले सबै सदस्यहरूका लागि बचत रकम एउटै निर्धारण गर्नुपर्दछ । बचत गर्नुपर्ने रकम सबै सदस्यहरूको आर्थिक स्थिति र सुविधलाई ध्यानमा राखेर टोल विकास संस्थाको बैठकबाट सर्वसम्मत निर्णय हुनुपर्दछ ।

(घ) बचत रकम टोल विकास संस्थामा रहने भएकोले बचत रकमको उपयोग उपर संस्थाको अधिकार रहन्छ तर आफ्नो बचतमाथि प्रत्येक सदस्यको आफ्नो अधिकार कायमै रहन्छ । कुनै पनि सदस्य कुनै कारणवश संस्थाबाट अलग हुनुपरेमा टोल विकास संस्थाको बचत सम्बन्धी विधान (अनुसूची-.....) मा उल्लेख भए अनुसारको हुनेछ ।

१०. सम्झौता

(क) टोल विकास संस्थाले गैरसरकारी संस्था, दातृ संस्था वा वित्तीय संस्थासँग ऋण, अनुदान, क्षमता अभिवृद्धि लगायत अन्य सेवा सुविधा लिनको निमित्त संलग्न पक्षहरूलाई मान्य हुने सर्तहरू राखी सम्झौता गर्नुपर्दछ ।

(ख) टोल विकास संस्थाले कोष तथा अन्य क्षेत्रबाट प्राप्त गरेको ऋण पूँजीलाई संस्थाको सदस्यहरूको मागको आधारमा ऋण लगानी गर्दा सम्बन्धित उद्यम/उद्यमी समूहहरूसँग ऋण आवेदन फारममा सम्झौता गर्नुपर्दछ ।

११.ऋण प्राप्ति

(क) टोल विकास संस्थाले आफ्ना सदस्यहरूद्वारा गठित उद्यमी समूहहरूलाई ऋण दिन आफ्नो बचत रकम अपर्याप्त भएमा कोष, गैरसरकारी संस्था, दातृसंस्था र वित्तीय संस्थाबाट ऋण लिन सक्नेछ ।

(ख) ऋण दिने संस्थाले तोकेको सर्त र आधारहरू टोल विकास संस्थालाई मान्य भएमा संस्थाको बैठकबाट ऋण लिने सर्वसम्मत निर्णय गर्नुपर्दछ ।

(ग) प्रत्येक टोल विकास संस्थाले लिने ऋण रकम संस्थाको बैठकमा पेश गरी छलफल गर्नुपर्दछ र सो बैठकले कति रकम ऋण लिन सक्ने हो सो निर्णय गर्नुपर्दछ ।

(घ) ऋण प्राप्त गर्न ऋण दिने संस्थाले तोकेका पूर्व सर्तहरू पूरा गरी तोकेको ढाँचामा एकमुस्ट ऋण पूँजी सहयोग दरखास्तका साथ टोल विकास संस्थाको निर्णय समावेश गरी पेश गर्नुपर्दछ ।

(ङ) टोल विकास संथाको सामूहिक जमानीमा वा सामाजिक धितोको आधारमा ऋण प्राप्त गर्ने व्यवस्था हुनुपर्दछ ।

(च) ऋण सम्झौता गर्न र ऋण दिने संस्थाबाट ऋण रकम बुझी लिन टोल विकास संस्थाको बैठकले पदाधिकारीलाई अख्तियारी प्रदान गर्नुपर्दछ ।

१२.ऋण लगानी

(क) टोल विकास संस्थाको सदस्यहरूलाई आयमूलक उद्यम संचालनमा र सामाजिक कार्यका लागि रकमको आवश्यकता पर्दछ । सदस्यहरूले रकमको खाँचो पूरा गर्न टोल विकास संस्थासँग ऋण माग गर्न सक्दछ ।

(ख) टोल विकास संस्थाले सदस्यहरूबाट संकलन गरेको बचत रकम र सो रकम नपुग भएका गैरसरकारी संस्था, बैंक वा वित्तीय संस्थाबाट ऋण लिई उद्यमीहरूलाई प्राथमिकताका आधारमा बैठकमा उपस्थित सदस्यहरूको सर्वसम्मत निर्णयबाट ऋण प्रदान गर्नेछ । संस्थाले कोषसँग लिएको एकमुष्ट ऋण रकम आयमूलक कार्य र उद्यममा लगानी गर्नका लागि मात्र प्रदान गरिनेछ । ऋण निम्न प्राथमिकता क्रममा उपलब्ध गराउनुपर्दछ ।

१. दलित, आदिवासी जनजाति, सुकुम्बासी, आन्तरिक रूपमा विस्थापित जनसंख्या तथा महिला वर्गको आर्थिक स्थितिमा सुधार ल्याउनका लागि तिनीहरूमध्ये सबैभन्दा विपन्नलाई आयमूलक कार्य र उद्यम संचालन गर्न,
२. प्रस्तावित उद्यम विकास योजनाहरूमध्ये छोटो अवधिमा सबैभन्दा बढी प्रतिफल दिने योजना संचालन गर्न,
३. अपाङ्गहरूलाई आयमलक कार्य र उद्यम संचालन गर्न,
४. आन्तरिक रूपमा विस्थापित तथा समुदायका बेरोजगारहरूलाई रोजगारको अवसर प्रदान गर्न, र
५. प्राकृतिक सम्पदा संरक्षण कार्यमा सघाउ पुऱ्याउने आयमूलक कार्य संचालन गर्न ।

(ग) टोल विकास कोष, गैरसरकारी संस्था, दातृसंस्था र वित्तीय संस्थाबाट टोल विकास संस्थाले लिएको एकमुस्ट ऋण रकमबाट अधिकतम प्रति उद्यमी समूहलाई रु.१०,०००/-र आन्तरिक बचतसमेत गरी जम्मा उद्यमी समुहलाई अधिकतम रु.१५,०००/-सम्म ऋण लगानी गर्न सक्नेछ । टोल विकास संस्था स्वशासनको अवस्थामा पुगेपछि उपरोक्त रकममा बुद्धि गरी क्रमशः रु.१५,०००/- देखि रु.२५,०००-सम्म ऋण प्रदान गर्न सक्नेछ । उद्यमी समूहलाई प्रदान गर्ने अधिकतम ऋण रकमको सीमा बढी गर्नुपरेमा टोल विकास संस्थाको बैठकले सर्वसम्मतबाट निर्णय गरी कोषमा सिफारिस गर्न सकिनेछ । तर यसरी ऋण परिचालन गर्दा अधिकतम सदस्यहरूलाई फाईदा पुग्ने गरी ऋण पूँजी परिचालन गर्नुपर्नेछ ।

(घ) टोल विकास संस्थाले उद्यमी समूहहरूलाई प्रदान गर्ने ऋणको अवधि, किस्ता संख्या, किस्ता रकम र किस्ता भुक्तानी गर्ने मिति बैठकमा भएको निर्णयअनुसार हुनेछ । ऋण सामान्यतया एक वर्षभन्दा बढी अवधिका लागि दिनु हुँदैन । तर ऋण लगानी हुने व्यवसायबाट एक वर्षभित्रमा प्रतिफल प्राप्त नहुने स्थिति भएमा टोल विकास संस्थाले सर्वसम्मत निर्णय गरी १८ महिनासम्म ऋणको अवधि कायम गर्न सक्नेछ ।

(ङ) टोल विकास संस्थाका सदस्यहरूले संस्थाबाट ऋण प्राप्त गर्नका लागि ऋण आवेदन फारम भरेर संस्थामा पेश गर्नुपर्दछ ।

(च) टोल विकास संस्थाको बैठकमा निवेदकलाई ऋण दिन उपयुक्त देखिएमा उपस्थित सदस्यहरूले सर्वसम्मत निर्णय गर्नुपर्दछ ।

(छ) औषधि उपचार र अन्य अपर्झट कार्यका लागि ऋणको आवश्यकता परी बैठक बस्ने मितिसम्म पर्खन नसकिने अवस्था परेमा अध्यक्षलाई वा अन्य कुनै विश्वासिलो पदाधिकारी वा सदस्यलाई टोल विकास संस्थाको बचतमध्ये एक निश्चित रकमसम्म आगामी बैठकबाट स्वीकृत गराउने गरी अधिकार प्रदान गर्न सकिनेछ ।

(ज) टोल विकास संस्थाको बैठकबाट संस्थाले ऋण स्वीकृत भएपछि ऋण लिने सदस्य र टोल विकास संस्थाबीच ऋण आवेदन फारममा समझौता गरीव ऋण दिइनेछ ।

१३.ब्याज

(क) कोषबाट लिएको एकमुस्ट ऋण टोल विकास संस्थाले आफ्नो उद्यमी सदस्यहरुमा १२ प्रतिशत वार्षिक ब्याजदरमा लगानी गर्नेछ । यसरी एकमुस्ट ऋण लगानीबाट असूलउपर गरिने ब्याज मध्येबाट संस्थाले ३ (तीन)प्रतिशत रकम संस्थाको बचत एवं संचालन तथा संस्थागत विकास कार्यमा आवश्यकताअनुसार खर्च गर्न सक्नेछ । संस्थाको बचत रकम वा कोष, गैरसरकारी संस्था र बित्तीय संस्थाबाट लिएको ऋण रकम लगानी गर्दा ब्याजदरमा सकेसम्म फरक हुनुहुँदैन ।

(ख) उद्यमी सदस्यहले तोकिएको मितिमा ऋणको किस्ता चुक्ता नगरेमा किस्ता चुक्ता गर्न आएको दिनसम्मको ब्याजसमेत हिसाब गरेर जम्मा रकम ऋणीहरूबाट असूल गर्न सक्नेछ ।

(ग) संस्थाले असूल गरेको ब्याजमध्ये ऋण दिने संस्थासँग भएको सम्झौताको सर्त बमोजिम ब्याज ऋण दिने संस्थालाई टोल विकास संस्थाले भुक्तानी गर्नुपर्दछ ।

(घ) टोल विकास संस्थाले लिएको एकमुस्ट ऋणमा ब्याजका लागि समयावधि गणना गर्दा अवस्था अनुसार छट (ग्रेस) अवधि कटाई बाँकी समय ऋण प्रदान गर्ने निकायले तोक्नेछ ।

१४.ऋण असूली तथा ऋण चुक्ता

(क) टोल विकास संस्थबाट लिएको ऋणको साँवा रकम र ब्याज तोकिएको भाखामा ऋणीहरूले चुक्ता गर्नुपर्दछ ।

(ख) भुक्तानी कार्यक्रममा ऋ ण चुक्ता गर्ने मिति सम्भव भएसम्म टोल विकास संस्थाको बैठक बस्ने दिनमै राख्नुपर्दछ ।

(ग) ऋणी सदस्यहरूले ऋणको किस्ता चुक्ता गरेमा ऋण असुली भर्पाइ तयार गरी त्यसमा ऋणीको हस्ताक्षर गराई एक प्रति निजलाई दिनुपर्दछ ।

(घ) तोएिको भाखामा ऋण चुक्ता नगर्ने ऋणीहरूको नामावली तयार गरी बैठकमा पेश गर्नुपर्दछ । ऋण तोकिएको भाखामै असूल गर्ने गराउने परम्पराको विकास गर्नुपर्दछ । तोकिएको भाखापछि ऋण चुक्ता गरेमा चुक्ता गरेको दिनसम्मको ब्याज हिसाब गरेर लिने व्यवस्था गर्नुपर्दछ ।

(ङ) भाखा नाघेपछि पनि ऋण चुक्ता नगरेमा उद्यमी समूहको सदस्यहरू, टोल विकास संस्था, वडा अध्यक्ष, जनप्रतिनिधिबाट ऋण चुक्ता गर्न भनुसुन गर्न र दबाब दिन लगाई ऋण असूली गर्नुपर्दछ ।

(च) सामाजिक दबाबबाट पनि ऋण असूल गर्न नसकेको अवस्थामाव मात्र ऋणीले कोष सम्बन्धित स्थानीय सरकार, गैरसरकारी संस्था र बित्तीय संस्थालाई गरिदिएको सम्झौताको आधारमा कानुनी कारबाही गरी

साँवा र ब्याजसमेत असूल गरिदिन सम्बन्धित कोष, स्थानीय सरकार, गैरसरकारी संस्था र बित्तीय संस्थालाई अनुरोध गर्नुपर्दछ ।

(छ) टोल विकास संथाको अनुरोध प्राप्त भएपछि ऋण दिने सम्बन्धित कोष, स्थानीय सरकार, गैरसरकारी संस्था र वित्तीय संस्थाले ऋणीहरू उपर कानुनी कारवाही गरी ऋण रकम र सोामा लाग्ने ब्याजसमेत असूल गरी टोल विकास संस्थाले अन्य ऋण असूल गर्नुपर्ने भए सोसमेत असूल गरी बाँकी रकम सम्बन्धित उद्यमी समूहलाई भुक्तानी गर्नेछ ।

(ज) कानुनी कारबाही गरेर पनि ऋण रकम असुल हुन नसकेमा टोल विकास संस्थाका बाँकी सदस्यहरूले सामूहिक रूपमा दामासाहीको हिसाबले कोषलाई ऋण रकम भुक्तानी गर्नुपर्दछ ।

(झ) टोल विकास संस्थाले टोल विकास कोष, स्थानीय निकाय, गैरसरकारी संस्था र वित्तीय संस्थाबाट लिएको साँवा र ब्याज सम्झौतामा तोकिएको भाखामा तोकिएको प्रक्रिया अपनाई चुक्ता गर्नुपर्दछ ।

(ञ) टोल विकास संस्थाका अध्यक्ष तथा पदाधिकारीहरूले ऋणीहरूबाट असूल भएको रकम हिनामिना गेको कारणले टोल विकास संस्थाले ऋण उपलब्ध गराएको टोल विकास कोष, गैरसरकारी संस्था र वित्तीय संस्थालाई ऋण चुक्ता गर्न नसकेमा निजहरूलाई सामाजिक दबाब दिई ऋण चुक्ता गर्न लगाउनुपर्दछ ।

(ट) सामाजिक दबाबपछि पनि हिनामिना गरेको रकम अध्यक्ष र पदाधिकारीले चुक्ता नगरेमा अध्यष तथा पदाधिकारीले ऋण लिँदा गरिदिएको सम्झौताको आधारमा ऋण दिने सम्बन्धित निकायले निजहरू उपर कानुनी कारबारी गरी ऋण असूल गर्नुपर्दछ ।

(ठ) ऋणीहरू वा अध्यक्ष तथा पदाधिकारीहरू उपर कानुनी कारवाही गरी असूल गरेको रकम टोल विकास संस्थासँग असूल गर्नुपर्ने रकमभन्दा बढी भएमा बढी भएको रकम सम्बन्धित टोल विकास संस्थालाई फिर्ता गर्नुपर्दछ ।

१५.ऋण सम्झौता

(क) टोल विकास संस्थाले ऋण दिने टोल विकास कोष, गैरसरकारी संथा र वित्तीय संस्थासँग ऋण लिँदा विकास संस्थाको पदाधिकारीले ऋण लिएको रकम उद्यम/उद्यमी समूहहरूलाई ऋण लगानी गरेकोमा ऋणीहरूले भुक्तानी कार्य बमोजिम ऋण चुक्ता गरेको तर टोल विकास संस्थाका पदाधिकारीहरूले सम्बन्धित संस्थाहरूलाई ऋण चुक्ता नगरेमा संयुक्त रूपमा त्यस्ता पदाधिकारीहरू उपर कानुनी कारवाही गरी निजहरूको घरघरानाबाट चुक्ता असूल गर्ने सर्तमा सम्झौता गर्नुपर्दछ ।

(ख) टोल विकास कोष, गैरसरकारी संस्था र वित्तीय संस्थाबाट लिएको एकमुष्ट ऋण रकम टोल विकास संस्थाले भुक्तानी कार्यक्रमको एक प्रति ऋण लगानी गर्ने सदस्यलाई, एक प्रति ऋण दिने निकायलाई र एक प्रति टोल विकास संस्थाले राख्नुपर्दछ ।

(ग) वित्तीय संस्थासँग एकमुस्ट ऋण लिई लगानी गरेको सम्झौतामा वित्तीय संस्थाले लिने ब्याजदर र टोल विकास संस्थाले लिने थप ब्याजदर वा सेवा शुल्क प्रस्ट उल्लेख गर्नुपर्दछ ।

(घ) टोल विकास संस्थाका पदाधिकारी तथा ऋणीहरू उपर ऋण दिने निकायले कानुन कारबाही गरेर पनि ऋण रकम असूल नभएमा टोल विकास संस्थाका सम्पूर्ण सदस्यहरूले सामूहिक रूपमा दामाासाहीको हिसाबले ऋण दिने निकायलाई ऋण चुक्ता गर्ने सर्त सम्झौतामा उल्लेख गर्नु पर्दछ ।

१६.ऋण सदुपयोगको अनुगमन

(क) टोल विकास संस्थाले सदस्यहरूलाई जुन उद्देश्यका लागि ऋण प्रदान गरेको छ सोही उद्देश्यमा लगानी गरेको हुनुपर्दछ ।

(ख) ऋण रकम तोकिएको उद्देश्यमा लगानी भएनभएको निरीक्षण र अनुगमन टोल विकास संस्थाका पदाधिकारीहरूले गर्नेछ ।

१७.ब्याज छुट

(क) ऋणीले ऋण लिएपछि ऋणको उद्देश्य परिवर्तन गर्नुपर्ने भएमा त्यसको जानकारी टोल विकास संस्थालाई गराउनुपर्दछ । टोल विकास संस्थाल ऋणको उद्देश्य परिवर्तनबारे बैठकमा छलफल गरी मनासिब भएका टोल विकास कोष, गैरसरकारी संस्था र वित्तीय संस्थाबाट एकमुस्ट ऋण लिई ऋण लगानी गरेको भए सम्बन्धित ऋण दिने संस्थाको स्वीकृतिका लागि निवेदन दिनुपर्दछ । ऋण दिने संस्थाले उद्देश्य परिवर्तनका लागि स्वीकृति प्रदान गरेपछि टोल विकास संस्थाले पनि स्वीकृति प्रदान गर्नेछ । तर परिवर्तित ऋणको उद्देश्यमा लगानी गर्न सम्बन्धित संस्थाले स्वीकृति नदिएमा ऋणीले टोल विकास संस्थालाई नियमानुसार ऋण फिर्ता गर्नुपर्दछ । टोल विकास संस्थाले बचत रकमबाट ऋण दिएको भए बैठकले उद्देश्य परिवर्तन गर्न निर्णय गरेमा उद्देश्य परिवर्तन गर्न स्वीकृति प्रदान गर्नेछ ।

(ख) टोल विकास संस्थाले ब्याज छुट गर्ने निर्णय गर्नु पूर्व जुन निकायसँग संस्थाले एकमुस्ट ऋण लिएको हो सो निकायलाई छुटका लागि निवेदन दिनुपर्दछ ।

(ग) ऋण दिने सम्बन्धित कोष, गैरसरकारी संस्था र वित्तीय संस्थाले ब्याज छुट गरेमा टोल विकास संस्थाले सोही रकमको ब्याज ऋणीलाई छुट गर्न सकिनेछ ।

१८.आम्दानी

(क) टोल विकास संस्थाले ऋणीहरूसँग असूल गर्ने बयाजका अतिरिक्त अन्य उद्यम/उद्यमी समूहहरू, गैरसरकारी संस्था, दातृसंस्था, संघ, संगठन र व्यक्तिहरूलाई सेवा प्रदान गरे बापत तिनीहरूसँग शुल्क असूल गर्ने निर्णय गर्न सक्दछ ।

(ख) टोल विकास संस्थाले विभिन्न संघ, संगठन, गैरसरकारी संस्था, दातृसंस्था, स्थानीय निकाय, नेपाल सरकार र व्यक्तिहरूबाट चन्दा र अनुदान प्राप्त गर्न सक्दछ ।

(ग) टोल विकास संस्थाले बनाएको नीति-नियम पालना नगर्ने ऋणी/संथाका सदस्यहरूबाट जरिवाना असूल गर्ने व्यवस्था अनुसार जरिबाना असूल गर्न सक्दछ ।

(घ) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रूपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार उक्त कोषमा छुटचाउन सक्नेछ ।

(ङ) संस्थाले अन्य सोतबाट जम्मा गरेको रकम ।

१९.खर्च

(क) टोल विकास संस्थाले ऋण लगानी र असूली कार्यमा संलग्न भएका अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरूलाई पारिश्रमिक, भत्ता, पुरस्कार दिने निर्णय गरेबमोजिम सम्बन्धित व्यक्तिहरूलाई भुक्तानी गर्न सक्नेछ ।

(ख) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च गरिनेछ ।

(ग) टोल विकास संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरू टोल विकास संथाको बैठकले बनाएको नीति-नियमबमोजम खर्च गर्न सक्नेछ ।

२०. नाफा

टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खार्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ । संस्थाले गरेको नाफा संस्थाको निर्णयअनुसार संस्थामै राख्न वा सदस्यहरूमा दामासाहीले बाँडन सक्नेछ । यस्तो नाफा रकमबाट संस्थाको सर्वसमत निर्णयमा सामुदायिक कार्य गर्न पनि सकिनेछ ।

२१. लेखा

(क) टोल विकास संस्थाका कोषाध्यक्षले निम्न रकमको स्पष्ट लो राख्नुपर्दछ

१) सदस्यहरूबाट प्राप्त भएका बचत र तिनीहरूलाई फिर्ता गरेको बचत रकम,

२) टोल विकास संस्थाले टोल विकास कोष, गैरसरकारी संस्था र वित्तीय संस्थाबाट लिएको एकमुस्ट ऋण, सदस्यहरूलाई गरिएको लगानी, ऋण दिने निकायलाई चुक्ता गरेको रकम, सदस्यहबाट असूल गरेको ऋण र ब्याज रकम,

३) टोल विकास संस्थाले अन्य स्रोतबाट प्राप्त गरेको आम्दानी, शुल्क, चन्दा, अनुदान, जरिवाना आदि ।

४) टोल विकास संस्थाको संचालन र व्यवस्थानमा भएको प्रशासनीक खर्चहरू,

५) ऋण लगानी र असूलीमा संलग्न भएका टोल विकास संस्थाका पदाधिकारी र सदस्यहरूलाई दिएको पारिश्रमिक, भत्ता र पुरस्कार ।

(ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब सामूहिक रूपमा (सम्भव भए प्रत्येक बैठकमा) टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

२२. लेखापरीक्षण

कोषाध्यक्षले राखेको हिसाब किताबको लेखापरीक्षण वार्षिक रूपमा टोल विकास संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट गराउनुपर्नेछ । संस्थाको लेखापरीक्षण तालिम प्राप्त लेखापरीक्षकबाट गराउनुपर्नेछ । तर सोही संस्थाको सदस्यबाट लेखापरीक्षण गराउन पाइँदैन । संस्थाले चाहेमा कानुनी अधिकारप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउन सक्दछ । लेखापरीक्षण प्रतिवेदन टोल विकास संस्थाका सम्पूर्ण सदस्यहरूलाई अनिवार्य रूपमा जानकारी गराउनुपर्दछ । आवश्यकता अनुसार कोषले पनि लेखापरीक्षण गर्न सक्नेछ ।

**२३. पुरस्कार, सम्मान र कदर**

टोल विकास संस्थाका व्यक्ति वा संस्था आदिलाई समुदायको विकासमा उत्कृष्ट कार्य गर्नेलाई वडा समिति वा नगरपालिकाले सम्मान एवं पुरस्कृत गर्न सकिनेछ ।

**२४. अनुगमन तथा मूल्याकंन**

क) वडा समितिले आफ्नो क्षेत्र भित्रका टोल विकास संस्थाको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि सुझावहरु दिन सक्नेछ ।

ख) नगरपालिकाले समग्र नगर क्षेत्र भित्रको टोल विकास संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थाहरुलाई पृष्ठपोषण गर्न सक्नेछ ।

**२५. संसोधन :**

यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

**२६. बचाउ तथा खारेजी :**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची - १

............................ टोल विकास संस्थाको विधानको नमूना

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान, सहभागितामुलक योजना तर्जुमा गर्ने तथा आफनो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ....................... टोल विकास संस्थाको स्थापना गरी संचालन गर्न वान्छनिय भएकोले यो विधान बनाईएको छ ।

१. प्रारम्भिक :

संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान .................... टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ............. हुनेछ ।

(ग) यो विधान ........................ टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय .............. मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व ................ पश्चिम.......................

उत्तर ................... दक्षिण .......................

२. परिभाषा :

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. “संस्था” भन्नाले ................ टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

२. “विधान” भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

३. “साधारण सभा” भन्नाले संस्थाको साधारण सदस्यको भेलालाई सम्झनु पर्दछ ।

४. “समिति” भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।

५. “बैठक” भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ ।

६. “पदाधिकारी” भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई सम्झनु पर्दछ ।

३. संगठित संस्था हुने :

क) संस्थाको आफनै छुटै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

४. संस्थाको उद्देश्यहरु :

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रम संचालन गरी गरिबी न्यूनिकरणमा मद्दत पुऱ्याउने ।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

घ) संस्थाहरुलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा सक्रिय सहभागित बनाउने ।

५. टोल विकास कार्य समितिको गठन :

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) नगरपालिकाको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यक्ता अनुसारको सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष र सचिव भएको व्यक्ति पुन : सोहि पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई निर्वाचित हुने छैन । कार्य समिति कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष र कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ग) टोल विकास संस्थाको गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधूरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधूरी सहभागि गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनुपर्नेछ ।

६. संस्थाको कार्यहरु :

टोल विकास संस्थाको कार्यहरु देहाय बमोजिम हुनेछन् ।

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

२. संस्थाको सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने सोहि बमोजिमको कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आईपरेको समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सृजना गर्ने

४. उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह वहु विवाह जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाको सदस्यहरुलाई चेतना अभिबृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक संस्थामा बृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरण मैत्री बनाउने विविध कार्यक्रमहरु संचालन गर्ने ।

८. टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका समाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ।
९. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिकालाई सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।
१०. आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।
११. हरित नगर, उज्यालो सहर, सफा शहर र सम्पन्न तथा सम्भ शहर स्थापना अभियानमा सहयोग गर्ने ।
१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।
१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।
१४. टोलमा रहेको सार्वजनिक, पर्ति, एलानी आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।
१५. संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।
१६. नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।
१७. नगरपालिकासंग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

७. सदस्यता

संस्थाको सदस्यता देहाय बमोजिम हुनेछ :

क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानिय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

ख) सदस्य बन्ने इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

८. सदस्यता नरहने: देहाय अवस्थामा सदस्य रहने छैन ।

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गेर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएकामा ।

घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

ङ) नेपालको प्रचलित कानुको निषेध गरेको कार्य गरेमा ।

९. संस्था गठन एवं कार्य संचालन गर्ने विधि

संस्थाको गठन एंव कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोवास गर्ने अधिकाशं घरधूरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख) टोल विकास संस्था गठन गर्दा उपस्थित भएको व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा आधारमा एक - एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधूरीहरु सदस्य हुनेछन् ।

ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य हुनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

१०. सस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकारः

संस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

क) अध्यक्षको काम, कर्तव्य र अधिकार :

१. संस्थाको नियमित बैठक बोलाउने ।
२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४. छलफल हुदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६. सचिव र कोषाध्यक्षलाई आवश्यक अनुसार सहयोग पुऱ्याउने ।
७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानहरुको सुरक्षाको प्रवन्ध मिलाउने ।
८. आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।
९. विशेष बैठकहरुको आवश्यक्ता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
२. अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने ।
३. एक तिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
४. बैठक पुस्तिकामा उपस्थिती गराउने ।
५. छलफलको प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।
६. संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।
७. तोकिएको अन्य कार्य गर्ने ।

ग) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

१) संस्थाले गरेको आर्थिक कारोबारको लेखा परिक्षण गराउने ।
२) बैकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।
३) अन्य सदस्यहरु संग समन्वय राखी सहयोग लिने दिने ।
४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षण गर्ने ।

घ)संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार
१)नगरपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गनुपर्ने कामहरु गर्ने ।
२)संस्थाको हिसावकिताव चेक गर्ने ।
३)संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।
४)संस्था संचालनका लागि आवश्यकता अनुसार नीति वनाउन सहयोग गर्ने ।
५)बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

११. साधारण सभाको गठन र कार्य प्रणाली
साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :
१)संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।
२)संस्थाको साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा निजको सचिव र निजको पनि अनुपस्थितीमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।
३)साधारणसभा संस्थाको सवोच्च निकाय हुनेछ ।

१२. साधारण सभाको काम, कर्तब्य र अधिकारः
साधारण सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ
१. संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेस भएका विषयमा सल्लाह दिने,
२. लेखापरीक्षक नियुक्ति गर्ने ।
३. संस्थाको लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।
४. कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
५. कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
६. कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
७. संस्थाको विधान संशोधन गर्ने ।
८. आवश्यकता अनुसार सल्लाहको मनोनयन गर्ने ।
९. संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

१३.आर्थिक व्यवस्था
१.संस्थाको देहायबमोजीम आर्थिक स्रोत हुनेछ
क.सदस्यता बाट प्राप्त सुल्क ।
ख.सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
ग. संस्थाको कृयाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
घ. अन्य आम्दानी ।
२. प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।
३. संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पतिको परिचालन र प्रयोग तोकीएबमोजीम हुनेछ ।

१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा

१.समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन ।

२. अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजीम हुनेछ ।

१५. कार्य समितिलाई अविस्वासको प्रस्ताव

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविस्वास लगे यथोचित कारण देखाई संस्थाका ६०% सदस्यहरुले विशेष साधारणसभा राखी अविस्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविस्वासको प्रस्ताव उपर छलफलगरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसहमत लाई बढी जोड दिईनेछ ।

१६.विविध

१. विधान संसोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले बिधान संशोधन हुनेछ ।

२. प्रचलित ऐन, नियमहरुसंग बाझीएका बुंदाहरु हदसम्म स्वत खारेज हुनेछ ।

अनुसूची-२
टोल विकास संस्था दर्ता गर्ने निवेदनको नमूना

मिति-.................

विषय-टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

श्रीमान् वडा अध्यक्षत ज्यू
रत्ननगर नगरपालिका वडा नं .......को कार्यालय
रत्ननगर, चितवन ।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा संचालित वडा नं. ......को..........................टोलमा गठन गरिएको .............................टोल विकास संस्थालाई रत्ननगर नगरपालिकाको वडा नं ....... कार्यालयमा दर्ता सुचिकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस .....................टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सिमित रहनेछ ।
पुर्व सिमाना ..................
पश्चिम सिमाना..............
उत्तर सिमाना.................
दक्षिण सिमाना ..............

निवेदक

.........................

अध्यक्षको नाम -
टोल विकास संस्थाको नाम -
ठेगाना -

अनुसूची ३
टोल विकास संस्थालाई दिने प्रमाण पत्रको नमुना

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चितवन, ३ नं. प्रदेश, नेपाल

# प्रमाण पत्र

……………………………नगरपालिका वडा नं……स्थित…………………………………………मा गठन भएको…………………………………………………टोल विकास संस्थालाई यस कार्यालयमा मिति…………………………मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।
यस नगरपालीकाको आर्थिक, सामाजिक, भौतीक पुर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गर्दछु ।

मिति : …………………………

……….
……….
.
वडा
अध्यक्ष